राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ८ अंक ०३ २०८३ साउन ३ गते आईतवार (19 July 2026) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## ‘जनताको पीडा बेवास्ता गर्ने सरकार टिक्दैन’




दैनिक समाचारदाता

जनकपुरधाम, २ साउन । नेकपा (एमाले)का नेता तथा पूर्वउपप्रधानमन्त्री रघुवीर महासेठले प्रतिपक्ष दलसँग सहकार्य नगरी एकलौटी ढंगले अघि बढ्न खोज्ने सरकार दीर्घकालीन रूपमा टिक्न नसक्ने बताएका छन् ।

जनकपुरधाम उद्योग वाणिज्य संघको ५८औँ वार्षिक साधारण सभालाई सम्बोधन गर्दै उनले वर्तमान सरकारको तत्काल आलोचना गर्न आफू इच्छुक नरहेको बताए । “सरकार गठन भएको करिब चार महिना मात्र भएको छ । सरकारले प्रारम्भिक तीन महिनाभित्र परिणाम दिने प्रतिबद्धता जनाएको थियो, तर त्यसअनुसार काम भएको देखिएको छैन । आगामी दिनको समीक्षा समय आएपछि गरौँला,” उनले भने ।

पूर्वमन्त्री महासेठले मधेश प्रदेशले वर्तमान सरकारलाई ३२ मध्ये ३० सिट जिताएर बलियो जनादेश दिएको स्मरण गराउँदै सरकारले त्यही जनतामाथि करको भार थपेको आरोप लगाए ।

उनले मधेश प्रदेश गरिबी, अशिक्षा, बेरोजगारी तथा स्वास्थ्य सेवाको पहुँचजस्ता आधारभूत समस्यासँग जुधिरहेको उल्लेख गर्दै यस्ता समस्या समाधान गर्नुको सट्टा सरकारले कर बढाएर जनतालाई थप दुःख दिएको बताए ।

“जनताको पीडा नसुन्ने, उनीहरूलाई बेवास्ता गर्ने सरकारको आयु लामो हुँदैन । जनताले सरकारका हरेक गतिविधिलाई नजिकबाट नियालिरहेका छन्,” उनले भने ।

जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्रकुमार भण्डारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पूर्वअध्यक्ष बजंगप्रसाद साह, ई. प्रकाशचन्द्र साह, निर्मलकुमार चौधरी, श्यामप्रसाद साहलगायतले व्यापार(व्यवसाय क्षेत्रमा देखिएका समस्या र चुनौतीबारे धारणा राखेका थिए ।

वक्ताहरूले मुलुक आर्थिक मन्दीको चपेटामा परेको उल्लेख गर्दै व्यापार( व्यवसायको संरक्षण र प्रवर्द्धनमा सरकार गम्भीर नभए देशले अझ ठूलो आर्थिक संकट सामना गर्नुपर्ने चेतावनी दिएका थिए ।

कार्यक्रममा विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तित्वहरूलाई कदरपत्रसहित सम्मान गरिएको थियो ।

## जसपा-लोसपा समायोजन अझै अलपत्र


दैनिक समाचारदाता

जनकपुरधाम २ साउन । महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपालबीच एकता भएको छ महिनाभन्दा बढी बितिसक्दा पनि पार्टी समायोजनले अझै पूर्णता पाउन सकेको छैन।

समायोजनका लागि दुवै पक्षले गृहकार्य गरिरहेका भए पनि प्रक्रिया निष्कर्षमा पुग्न सकेको छैन। यही विषयमा छलफल गर्न दुवै दलले छुट्टाछुट्टै बैठक बोलाउने तयारी गरेका छन्। २०८२ पुसमा दुई दल एकीकृत भई जसपा नेपाल गठन भएको थियो।

एकीकृत पार्टीको अध्यक्षमा उपेन्द्र यादव र संरक्षकमा महन्थ ठाकुर छन्। तर अन्य पदाधिकारीको टुङ्गो अझै लागेको छैन। पार्टी दर्ताका लागि ५२ सदस्यीय केन्द्रीय समन्वय समिति गठन गरिए पनि त्यसको नियमित बैठकसमेत बस्न सकेको छैन।

जसपा नेपालका एक नेताका अनुसार, दुई पार्टीबीच एकता भएको अनुभूति नै हुन सकेको छैन। जसपाका नेताहरू बालकुमारीस्थित पार्टी कार्यालयमा सक्रिय देखिए पनि लोसपाका नेताहरू महन्थ ठाकुरसँगै रहने गरेका छन्। बालकुमारीस्थित कार्यालयमा





ठाकुरका लागि कार्यकक्ष बनाइए पनि उनले अहिलेसम्म त्यहाँ प्रवेश गरेका छैनन्। अहिले उक्त कार्यकक्ष प्रयोगविहीन अवस्थामा छ।

संरक्षक ठाकुर प्रायः आफ्नै निवास वा सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा रहने गर्छन्। औपचारिक भेटघाट पनि प्रायः त्यहीँ हुने गरेको छ। लोसपा निकट नेताहरूको जमघटसमेत त्यहीँ हुने गरेको बताइन्छ।

यसअघि बबरमहलस्थित मधेसी निजामती कर्मचारी मञ्चको भवनमा रहेको लोसपा नेपालको कार्यालय सरकारले ट्रेड युनियनसम्बन्धी निर्णयपछि बन्द गराएको छ। कार्यालयका सामग्री भने अझै सोही भवनमै रहेका छन्। ठाकुर सिंहदरबार वा आफ्नै निवासमा सीमित रहने र अध्यक्ष उपेन्द्र यादवसँग नियमित संवाद हुन नसक्दा पार्टी समायोजन प्रभावित भएको नेताहरूको भनाइ छ। कुराकानीका लागि कि त यादवले फोन गर्नुपर्ने, कि त ठाकुरकै निवास पुग्नुपर्ने अवस्था रहेकाले नियमित समन्वय हुन नसकेको उनीहरूको दाबी छ।

जसपा नेपालका नेताहरूका अनुसार यही संवादहीनताले समायोजन प्रक्रिया लम्बिएको हो। यता, लोसपाका केही नेताहरू नयाँ राजनीतिक विकल्पको खोजीमा लागेको चर्चा पनि पार्टीभित्र भइरहेको छ। समायोजनपछि उचित जिम्मेवारी नपाउने आकलनका कारण केही नेता पार्टीबाट टाढिन थालेको दाबी गरिएको छ।

जसपा नेपालका नेता शैलेन्द्र साहले भने समायोजनका विषयमा कुनै विवाद नरहेको र आवश्यक गृहकार्य भइरहेको बताए। उनका अनुसार, पूर्वपार्टीहरूमा आन्तरिक छलफल हुनु स्वाभाविक प्रक्रिया हो र त्यसलाई विवादका रूपमा लिनु उचित हुँदैन।

पार्टी एकता र समायोजनलाई टुङ्गोमा पुऱ्याउन जसपा नेपालले एकताअघिको कार्यकारिणी समितिको बैठक बोलाएको छ। बैठकमा समायोजनको मोडालिटी, संगठनात्मक संरचना र नेतृत्व व्यवस्थापनबारे छलफल हुने बताइएको छ।

उता, लोसपा नेपालले पनि आफ्नो पुरानो कार्यकारिणी समितिको बैठक बोलाउने तयारी गरेको छ। जसपा नेपालको निर्णयपछि लोसपाले पनि आन्तरिक छलफल अघि बढाउने जनाइएको छ।

तत्कालीन लोसपाका महासचिव तथा हालका जसपा नेपालका नेता विनोद सिंहले समायोजनको गृहकार्य तीव्र रूपमा अघि बढिरहेको र केही दिनमै निष्कर्षमा पुग्ने विश्वास व्यक्त गरे। उनका अनुसार, सबै पक्षसँग परामर्श गरेर समायोजन प्रक्रिया अघि बढाउन पुराना पार्टीका बैठक आवश्यक भएका हुन्।

साबिक लोसपामा ६५ पदाधिकारीसहित ३०७ सदस्यीय केन्द्रीय समिति र जसपामा १८ पदाधिकारीसहित २४१ सदस्यीय केन्द्रीय समिति थियो। दुवै दल एकीकृत भएपछि कुल ५४८ जना केन्द्रीय सदस्य भएका छन्।

बाँकी पृष्ठ ४मा

## मधेस विश्वविद्यालयमा थप तीन शैक्षिक कार्यक्रम

दैनिक समाचारदाता

पर्सा, २ साउन । मधेस विश्वविद्यालयले चालु शैक्षिक सत्रदेखि थप तीनवटा शैक्षिक कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको छ। हाल स्नातकोत्तर तहमा जनप्रशासन (एमपीए), कानुन सङ्कायतर्फ बीए एलएलबी तथा स्नातक तहमा जनव्यवस्थापन ( बीपीएम) सञ्चालन गरिरहेको विश्वविद्यालयले यस वर्ष एमबीए, एलएलबी र बीबीए कार्यक्रम थप्न लागेको हो।

विश्वविद्यालयका रजिस्ट्रार विजयकुमार यादवका अनुसार शैक्षिक सत्र २०८३ देखि स्नातकोत्तर तहमा मास्टर अफ बिजनेस एडमिनिस्ट्रेसन (एमबीए) तथा स्नातक तहमा ब्याचलर अफ ल (एलएलबी) र ब्याचलर अफ बिजनेस एडमिनिस्ट्रेसन (बीबीए)




को पठनपाठन सुरु गरिनेछ।


“तीनवटै कार्यक्रमका पाठ्यक्रम तयार भइसकेका छन्। यही शैक्षिक सत्रदेखि कक्षा सञ्चालन गर्ने तयारी गरेका छौँ। छिट्टै भर्नासम्बन्धी सूचना प्रकाशित गर्नेछौँ,” रजिस्ट्रार यादवले भने। उनका अनुसार विश्वविद्यालयका विद्यमान शैक्षिक कार्यक्रमप्रति विद्यार्थीको आकर्षण बढ्दै गएपछि नयाँ कार्यक्रम विस्तार गर्न लागिएको हो।

मधेस प्रदेशसभाबाट २०७९ वैशाख १४ गते मधेस विश्वविद्यालय ऐन, २०७९ जारी भएपछि २०७९ भदौ २२ गते स्थापना भएको विश्वविद्यालयले पहिलो वर्षमै दुईवटा सङ्कायमा पठनपाठन सुरु गरेको थियो। हाल वीरगञ्जस्थित नेसनल ट्रेडिङको भवन भाडामा लिएर विश्वविद्यालय सञ्चालन भइरहेको छ।


विश्व विद्यालयका उपकुलपति प्रा. डा. दीपक बहादुर शाक्यले अनुसन्धान र प्रशिक्षणलाई केन्द्रमा राखेर शिक्षणलाई गुणस्तरीय बनाउने लक्ष्यसहित प्रदेशको पहिलो मधेस अनुसन्धान तथा प्रशिक्षण केन्द्र स्थापना गर्ने योजना रहेको बताए।

उनले विद्यार्थीको बढ्दो आकर्षणलाई उत्साहजनक भन्दै आगामी दिनमा मेडिकल, ल्याब टेक्निसियन, फिजियोथेरापी लगायत स्वास्थ्य विज्ञानसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेको जानकारी दिए। प्रारम्भिक चरणमा वीरगञ्जस्थित नारायणी अस्पताल र पोखरियास्थित पोखरिया अस्पताललाई आधार बनाएर एमबीबीएस कार्यक्रम सञ्चालनको सम्भाव्यता अध्ययन गरिने उनले बताए। उपकुलपति शाक्यका अनुसार विश्वविद्यालयले भविष्यमा एमफिल-पीएचडी, फार्मेसी, विज्ञान तथा सूचना प्रविधिसम्बन्धी प्राविधिक शैक्षिक कार्यक्रमसमेत सञ्चालन गर्ने लक्ष्य लिएको छ। उनले मधेसका ग्रामीण क्षेत्रका नागरिकलाई उच्च शिक्षामा सहज पहुँच विस्तार गर्दै शिक्षालाई श्रम, श्रमलाई सीप र सीपलाई समृद्धिसँग जोड्ने उद्देश्यका साथ प्रदेशको पहिलो ‘मधेस सीप स्कुल’ स्थापना गर्ने योजना पनि रहेको जानकारी दिए।

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# नागरिकताविहीन आमा अन्योलमा सन्तानको भविष्य

नेपालको संविधानले प्रत्येक नागरिकलाई समानता, पहिचान र न्यायको अधिकार सुनिश्चित गरेको छ। तर व्यवहारमा अझै पनि हजारौँ महिलाले नागरिकताको अभावमा आफ्नो अस्तित्व नै प्रमाणित गर्न संघर्ष गरिरहेका छन्। विशेषतः अन्तरजातीय प्रेम विवाह गरेका महिलाहरूका लागि नागरिकता र जन्मदर्ता केवल प्रशासनिक कागजात होइन, बाँच्ने आधार र सन्तानको भविष्यसँग जोडिएको जीवन-मरणको प्रश्न बनेको छ।

धनुषाकी राधिका यादव र महोत्तरीकी इन्दिरा कुमारी मण्डलका पीडाले हाम्रो राज्य प्रणालीको एउटा गम्भीर कमजोरी उजागर गरेको छ। प्रेम गरेर विवाह गरेकै कारण परिवारबाट अस्वीकार गरिनु, श्रीमान्को साथ गुमेपछि कानुनी संरक्षणबाट समेत वञ्चित हुनु, आफ्नै नागरिकता बनाउन नसक्नु र अन्ततः आफ्ना सन्तानको जन्मदर्तासमेत रोकिँदा उनीहरू केवल कानुनी हैसियतविहीन मात्र बनेका छैनन्, उनीहरूको सम्पूर्ण भविष्य अन्योलमा परेको छ।

नागरिकता नहुँदा मतदान गर्न पाइँदैन, बैंक खाता खोल्न सकिँदैन, सामाजिक सुरक्षा योजनामा सहभागी हुन सकिँदैन, रोजगारी, सम्पत्ति, शिक्षा र स्वास्थ्य सेवामा समेत अवरोध उत्पन्न हुन्छ। अझ दुःखद पक्ष त, आमासँग नागरिकता नहुँदा निर्दोष सन्तानसमेत जन्मदर्ता र शिक्षाको अधिकारबाट वञ्चित हुन्छन्। यसरी एउटा प्रशासनिक समस्याले पुस्तौँसम्म असर पार्ने सामाजिक संकटको रूप लिन्छ।

अन्तरजातीय विवाहलाई संविधान र कानुनले मान्यता दिएको भए पनि समाजमा अझै जातीय विभेद र पितृसत्तात्मक सोच बलियो छ। परिवारले स्वीकार नगरेपछि महिलाहरू राज्यको संरक्षण खोज्न पुग्छन्। तर वडा कार्यालयदेखि सम्बन्धित निकायसम्म कानुनको सही कार्यान्वयन नहुँदा उनीहरू थप पीडित बन्न बाध्य छन्। कानुनी प्रावधान हुँदाहुँदै कार्यान्वयनमा देखिएको उदासीनता नै सबैभन्दा ठूलो समस्या हो।

जनकपुरधाममा आयोजित 'पीडितको न्यायमा पहुँच' विषयक कार्यक्रममा जनकपुर उच्च अदालतका मुख्य न्यायाधीशले न्यायमा पहुँच केवल अदालत पुग्ने विषय नभई पीडितको सुरक्षा, सम्मान, क्षतिपूर्ति, पुनःस्थापना र पुनःपीडित हुनबाट संरक्षणको अधिकार पनि भएको स्पष्ट पारेका छन्। यो भनाइ व्यवहारमा उतार्न सके मात्र न्यायको वास्तविक अर्थ स्थापित हुनेछ।

राज्यले नागरिकता र जन्मदर्तालाई राजनीतिक वा सामाजिक विवादको विषय होइन, मौलिक अधिकारका रूपमा लिनुपर्छ। स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीले कानुनको सही व्याख्या गर्दै कुनै पनि बालबालिकालाई जन्मदर्ताबाट वञ्चित गर्नु हुँदैन। सम्बन्धित निकायले अन्तरजातीय विवाह गरेका तथा परिवारबाट बहिष्कृत महिलाका लागि विशेष कानुनी सहायता, सहजीकरण र छिटो प्रशासनिक सेवा उपलब्ध गराउनुपर्छ।

मानवअधिकारको मापन ठूल्ठूला घोषणाले होइन, राधिका र इन्दिराजस्ता नागरिकले राज्यबाट कति सहज रूपमा आफ्नो अधिकार पाउँछन् भन्ने आधारमा हुन्छ। यदि एउटा आमाले आफ्ना सन्तानलाई विद्यालय भर्ना गराउन जन्मदर्ता बनाउन पनि सक्दिनन् भने त्यो केवल उनको व्यक्तिगत पीडा होइन, राज्यको संवैधानिक दायित्वमा भएको असफलता हो। समावेशी लोकतन्त्रको वास्तविक परीक्षा यस्तै कमजोर र सीमान्तकृत नागरिकको अधिकार सुनिश्चित गर्न सक्ने क्षमतामा निर्भर हुन्छ। अब पनि नागरिकता र जन्मदर्ताजस्ता आधारभूत अधिकार सुनिश्चित गर्न राज्य गम्भीर बन्न सकेन भने संविधानले दिएको समानता र न्यायको प्रतिबद्धता कागजमै सीमित रहनेछ। राधिकाहरूको आँसु पुछ्ने जिम्मेवारी केवल अदालतको होइन, सम्पूर्ण राज्य संयन्त्र र समाजको हो।

# महिलाको संवैधानिक अधिकार र कार्यान्वयनको प्रश्न

काठमाडौं । नेपालको संविधान हजारौँको बलिदानको जगमा निर्माण भएको संविधानसभाबाट बनेको ऐतिहासिक र मौलिक संविधान हो। नेपालको संविधान २०७२ ले समानता, समावेशिता, सामाजिक न्याय र लैङ्गिक समानतामा आधारित समाज निर्माणको परिकल्पना गरेको छ।

संविधानको प्रस्तावनामै सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै समानुपातिक, समावेशी र सहभागितामूलक शासन प्रणालीमार्फत समतामूलक समाज निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। विशेषगरी महिलाविरुद्धका ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक विभेदको अन्त्य गरी महिलाको सम्मान, अधिकार र अवसर सुनिश्चित गर्ने संवैधानिक आधार संविधानले प्रदान गरेको छ।

महिलाको अधिकारलाई संविधानले विशेष महत्व दिएको छ। संविधानको धारा १८ (समानताको अधिकार)ले सबै नागरिकलाई कानुनको दृष्टिमा समान हुने व्यवस्था गरेको छ । यस धाराले लिङ्गका आधारमा कुनै पनि प्रकारको विभेद गर्न नपाइने स्पष्ट व्यवस्था गरेको छ।

साथै, महिलासहित सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका समुदायको संरक्षण, सशक्तीकरण र विकासका लागि विशेष कानुनी व्यवस्था गर्न सकिने प्रावधान पनि राखेको छ । यसले महिलाको समान अवसर र न्यायपूर्ण सहभागिताको संवैधानिक आधार निर्माण गरेको छ।

धारा ३८ (महिलाको हक)अन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक प्राप्त हुने व्यवस्था गरिएको छ । यस धाराले सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । साथै, महिलाविरुद्ध हुने शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै प्रकारका हिंसाजन्य कार्यलाई कानुनद्वारा दण्डनीय बनाइएको छ।

राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सहभागिताको अधिकार प्रदान गरिएको छ । यसैगरी सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान अधिकारको व्यवस्था गरी महिलाको आर्थिक तथा सामाजिक हैसियत सुदृढ गर्ने प्रयास गरिएको छ ।

संविधानको धारा ३३ (रोजगारीको हक)ले प्रत्येक नागरिकलाई रोजगारीको अधिकार सुनिश्चित गरेको छ । महिलाहरूलाई रोजगारीका अवसरमा समान पहुँच र विभेद्रहित वातावरण प्रदान गर्नु राज्यको दायित्व हो । त्यस्तै धारा ३४ (श्रमको हक)ले प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा सामाजिक सुरक्षाको अधिकार प्रदान गरेको छ ।

महिलाले समान कामका लागि समान ज्याला पाउनुपर्ने सिद्धान्त पनि यसै अधिकारको मर्मसँग सम्बन्धित छ । शिक्षा महिला सशक्तीकरणको महत्वपूर्ण आधार हो । धारा ३१ (शिक्षाको हक) ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको अधिकार सुनिश्चित गरेको छ। महिलाहरूको शिक्षा स्तर वृद्धि भएमा उनीहरूको आत्मविश्वास, निर्णय क्षमता र आर्थिक अवसरमा पहुँच बढ्छ । शिक्षित महिला परिवार, समाज र राष्ट्रको विकासमा अझ प्रभावकारी रूपमा योगदान दिन सक्षम हुन्छिन्।

स्वास्थ्यको अधिकार पनि महिलाको जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो । धारा ३५ (स्वास्थ्यसम्बन्धी हक)ले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको अधिकार प्रदान गरेको छ । महिलाको स्वास्थ्य, विशेषगरी मातृ स्वास्थ्य, प्रजनन स्वास्थ्य तथा पोषणको अवस्था सुधार गर्न संविधानले विशेष संवेदनशीलता देखाएको छ ।

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारलाई धारा ३८ अन्तर्गत मौलिक अधिकारका रूपमा व्यवस्था गरिनु यसको महत्त्वपूर्ण उदाहरण हो । महिलाको आर्थिक सशक्तीकरण संवैधानिक अधिकारको वास्तविक कार्यान्वयनसँग प्रत्यक्ष रूपमा जोडिएको छ । केवल कानुनी अधिकार प्राप्त हुनु पर्याप्त हुँदैन, ती अधिकारको व्यावहारिक उपयोग गर्न आर्थिक क्षमता पनि आवश्यक हुन्छ । आर्थिक रूपमा आत्मनिर्भर महिला आफ्नो जीवनका निर्णय आफैँ गर्न सक्षम हुन्छिन् । उनी परिवारको आर्थिक व्यवस्थापन, सन्तानको शिक्षा, स्वास्थ्य तथा सामाजिक गतिविधिमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्छिन् ।

नेपालमा महिलाहरू कृषि, पशुपालन, घरेलु उद्योग तथा अनौपचारिक क्षेत्रमा ठूलो सङ्ख्यामा संलग्न छन् । तर उनीहरूको श्रमको उचित मूल्याङ्कन तथा प्रतिफल अझै पनि पर्याप्त रूपमा सुनिश्चित हुनसकेको छैन । ग्रामीण क्षेत्रका महिलाहरू, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडिएका वर्ग तथा अपाङ्गता भएका महिलाहरूले आर्थिक अवसर प्राप्त गर्न थप कठिनाइ भोगिरहेका छन्।

यस अवस्थामा संविधानको धारा ४२ (सामाजिक न्यायको हक) अत्यन्त महत्त्वपूर्ण छ। यस धाराले महिलासहित विभिन्न सीमान्तकृत समुदायलाई राज्यका निकाय तथा अवसरहरूमा समावेशी सहभागिताको अधिकार सुनिश्चित गरेको छ ।

राजनीतिक सहभागिताको क्षेत्रमा नेपालको संविधानले महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ । संविधानको धारा ८४ ले संघीय संसदमा महिलाको प्रतिनिधित्व कम्तीमा एकतिहाई हुनुपर्ने व्यवस्था गरेको छ । स्थानीय तहमा प्रमुख र उपप्रमुखमध्ये कम्तीमा एक पदमा महिला हुनुपर्ने कानुनी व्यवस्थाले महिलाको नेतृत्व विकासमा उल्लेखनीय योगदान पुर्‍याएको छ ।

आज हजारौँ महिला जनप्रतिनिधि स्थानीय शासन, नीति निर्माण र विकास प्रक्रियामा सक्रिय छन् । डिजिटल युगमा महिलाको आर्थिक सशक्तीकरणका नयाँ आयामहरू खुल्दै गएका छन्। सूचना प्रविधि, डिजिटल बैंकिङ, अनलाइन व्यवसाय, ई-कमर्स तथा उद्यमशीलताका विभिन्न अवसरले महिलाहरूलाई स्वरोजगार र आयआर्जनका नयाँ बाटाहरू प्रदान गरेका छन् तर डिजिटल साक्षरता, इन्टरनेट पहुँच तथा प्रविधि प्रयोगसम्बन्धी सीपमा अझै लैङ्गिक अन्तर रहेको देखिन्छ । त्यसैले राज्यले महिलाको डिजिटल पहुँच विस्तार गर्ने नीति अवलम्बन गर्न आवश्यक छ।

महिलाको आर्थिक सशक्तीकरणका लागि सहुलियतपूर्ण ऋण, उद्यमशीलता विकास कार्यक्रम, सीपमूलक तालिम, उत्पादन तथा बजारीकरणमा सहयोग, महिलामैत्री बजेट र सुरक्षित कार्यस्थलको सुनिश्चित गर्न आवश्यक छ।

सहकारी संस्था, निजी क्षेत्र, नागरिक समाज र सरकारी निकायबीचको सहकार्यले महिलाको आर्थिक सहभागिता वृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ । यद्यपि, संवैधानिक अधिकारको पूर्ण कार्यान्वयनमा अझै चुनौतीहरू विद्यमान छन् । बालविवाह, दाइजो प्रथा, छाउपडी, घरेलु हिंसा, लैङ्गिक विभेद् तथा महिलाविरुद्धका अन्य सामाजिक कुरीतिहरूले महिलाको प्रगति र सशक्तीकरणमा अवरोध सृजना गरिरहेका छन् ।

संविधानको धारा २४ (छुवाछूत तथा भेदभावविरुद्धको हक) र धारा ३८ (महिलाको हक)ले यस्ता विभेदकारी अभ्यासको अन्त्यका लागि स्पष्ट संवैधानिक आधार प्रदान गरेका छन् । तर कानुनी व्यवस्थासँगै सामाजिक चेतना, शिक्षा र व्यवहारगत परिवर्तन पनि उत्तिकै आवश्यक छ। समग्रमा यो संविधानले महिलाको सम्मान, समानता, सुरक्षा, सहभागिता र आर्थिक उन्नतिको बलियो आधार तयार गरेको छ। प्रस्तावनादेखि मौलिक अधिकारसम्मका विभिन्न धाराहरूले महिलालाई राज्यका सबै क्षेत्रमा समान अवसर र अधिकार प्रदान गरेका छन्।

अब आवश्यक कुरा ती अधिकारहरूको प्रभावकारी कार्यान्वयन हो । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सम्पत्तिमाथिको अधिकार तथा निर्णय प्रक्रियामा समान सहभागिता सुनिश्चित गर्न सकिएमा मात्र महिलाको वास्तविक सशक्तीकरण सम्भव हुनेछ । महिला सशक्त भए परिवार सशक्त हुन्छ, परिवार सशक्त भए समाज सशक्त हुन्छ र समाज सशक्त भए समृद्ध, समावेशी तथा न्यायपूर्ण नेपालको सपना साकार हुन्छ ।

संविधानमा उल्लेख भएका समानताको अधिकार, महिलाको हक, सामाजिक न्याय, शिक्षा, स्वास्थ्य तथा सहभागितासम्बन्धी संवैधानिक प्रावधानहरूले महिलालाई सम्मानपूर्ण जीवन जिउने आधार प्रदान गरेका छन् तर संविधानमा अधिकार लेखिनुमात्र पर्याप्त हुँदैन; ती अधिकार व्यवहारमा कार्यान्वयन हुनु आवश्यक हुन्छ ।

जबसम्म राज्य, समाज, राजनीतिक दल, नागरिक समाज र परिवार सबैले लैङ्गिक समानतालाई व्यवहारमा लागू गर्दैनन्, तबसम्म संवैधानिक अधिकारको वास्तविक उपलब्धि प्राप्त हुन सक्दैन । त्यसैले संविधानले सुनिश्चित गरेका महिला अधिकारहरूलाई व्यवहारमा रूपान्तरण गर्दै समान, न्यायपूर्ण र समतामूलक समाज निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो ।

यसका लागि स्वयं महिलाको पहलकदमी महत्त्वपूर्ण रहन्छ, त्यसका अलावा घर, परिवार, समाजको सकारात्मक भूमिका अपरिहार्य हुन्छ। त्यसैगरी राज्यका नियमनकारी निकाय र सञ्चारमाध्यमको हस्तक्षेप पनि यसको लागि अनिवार्य शर्त हो। साथै, कानुन निर्माणको मुख्य थलो संसद्मा सहभागी सांसदहरूको महिलामैत्री कानुन बनाउन परिपक्व र जिम्मेवारपूर्ण भूमिका हुनु आवश्यक छ। रासस

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# घरभित्र जुत्ता लगाउनु उचित कि अनुचित ?

पहिलोपटक आफ्नी भावी पत्नी सोफियाको घर पुग्दा पेड्या ट्रिफुनोभिच छक्क परे। घरको मुख्य द्वारबाट भित्र पस्दै गर्दा सोफियाले उनलाई जुत्ता नफुकाली प्रवेश गर्न सकिने बताइन्।



"तिमीहरू सुत्ने ठाउँमै जुत्ता लगाएर हिँड्छौ... मलाई लाग्यो, 'कस्तो नराम्रो कुरा!'", उनले सम्झिए।

सर्बियाका पेड्याको घरभित्र छिर्दा जुत्ता फुकाल्ने बानी थाहा पाउँदा अमेरिकामा हुर्किएकी सोफिया पनि त्यत्तिकै अचम्ममा परिन्।

"मलाई चाहिँ के लाग्यो भने 'के तिमी मेरो खुट्टाको गन्ध घरभरि फैलियोस् भन्ने चाहन्छौ?' म त जुत्ता लगाइराख्छु'," उनले भनिन्।

यी दम्पतीका दुई भिन्न दृष्टिकोणले संसारभरि रहेको एउटा ठूलो सांस्कृतिक बहसलाई प्रतिबिम्बित गर्छन्। उनीहरूले पनि आफ्नो मतभेदबारे सामाजिक सञ्जालमा पोस्ट गरेपछि मात्र यो कुरा महसुस गरे।

यी विषयसम्बन्धी उनीहरूको एउटा टिकटक भिडिओमा व्यापक टिप्पणीहरू आएका छन्, जसमा घरभित्र पेड्याले चप्पल लगाएका छन् भने सोफियाले जुत्ता लगाएकी छन्। कमेन्ट गर्नेमध्ये धेरैले कसको बानी बढी स्वच्छ हो भनेर बहस गरेका छन्।

त्यसो भए सही को हो? घरभित्र जुत्ता लगाउँदा साँच्चै स्वास्थ्य जोखिममा पर्छ?

यसको जबाफ खोज्न बीबीसी वर्ल्ड सर्भिस एउटा 'माइक्रोबायोलजी' प्रयोगशाला पुग्यो।

## *विश्वव्यापी बहस*

तपाईं घरभित्र हुँदा जुत्ता फुकाल्नुहुन्छ वा लगाइराख्नुहुन्छ भन्ने कुरा धेरै हदसम्म तपाईं कुन देश वा संस्कृतिमा हुर्किनुभयो भन्नेमा निर्भर हुन सक्छ।

मध्यपूर्व, एशिया र बाल्कन क्षेत्रका अधिकांश देशहरूमा घरभित्र जुत्ता लगाएर पस्नु असभ्य ठानिन्छ। त्यसको विपरीत, युरोप र अमेरिकाका कतिपय भागहरूमा पाहुनालाई जुत्ता फुकाल्न भन्नुलाई नै अशिष्ट ठान्ने पनि हुन सक्छ।

जापानमा घरभित्र जुत्ता लगाउनेबारे अन्यत्रभन्दा केही कडा नियमहरू छन्। अधिकांश घरमा 'गेनकन' भनिने भिन्दै प्रवेशद्वार हुन्छ र त्यहाँबाट भित्र जुत्ता लगाउन पाइँदैन।

यदि कोही आगन्तुकले जुत्ता फुकाल्न बिर्सिएमा "तत्काल कडा प्रतिक्रिया दिइन्छ," एसओएएस यूनिभर्सिटी अफ लन्डनका एन्थ्रपलजी विषयका वरिष्ठ अध्यापक डा. फाबीओ गीगी भन्छन्, "'हैन हैन, पर्खिनुस्, जुत्ता फुकाल्नुस्' भनेर तत्काल तपाईंलाई रोक्छन्।"

उनका अनुसार यसको कारण स्वच्छता मात्र नभइ दार्शनिक सोच पनि हो।

"प्रतीकात्मक रूपमा बाहिरी संसारलाई दूषित, जोखिमपूर्ण र फोहोर मानिन्छ," उनी भन्छन्।

"घरको भित्री स्थान भनेको शुद्ध र सफा राख्नुपर्ने ठाउँ हो। धेरै धार्मिक संस्कारहरू पनि यही शुद्धताको अवधारणामा आधारित छन्।"

## *जुत्तामा कस्ता ब्याक्टेरिया हुन्छन ?*

यसको परीक्षण गर्न यूकेको ब्राइटन शहरमा एक सप्ताहान्तभर लगाइएको एकजोर जुत्तालाई 'माइक्रोबायोलजी' प्रयोगशालामा लगियो।

ब्राइटन विश्वविद्यालयकी माइक्रोबायोलजिस्ट डा. सारा पीटले जुत्ताको माथिल्लो र तलको भागबाट नमुना सङ्कलन गरिन् र 'पेट्री डिश' प्रयोगशालामा प्रयोग गरिने सानो पारदर्शी भाँडो मा राखिन्। ती नमुनाहरूलाई रातभर बढ्न दिइयो।

भोलिपल्ट माइक्रोस्कोपबाट हेर्दा त्यसमा धेरै प्रकारका ब्याक्टेरिया भेटिए।

तिनमा 'स्टाफिलोकोकस अउरिअस' पनि थियो, जुन ब्याक्टेरियाले 'स्टाफ' सङ्क्रमण गराउँछ। डा. पिटका अनुसार यो स्वस्थ मानिसका लागि पनि निकै खतरनाक हुन सक्छ।

"यदि तपाईंको छालामा चोट लाग्यो र त्यहाँ यो ब्याक्टेरिया प्रवेश गऱ्यो भने पीप भरिएको ठूलो फोका उठ्न सक्छ," उनले भनिन्। कमजोर प्रतिरक्षा प्रणाली भएका व्यक्तिमा यसले निमोनिया र रगतमा संक्रमणसमेत गराउन सक्ने उनले बताइन्।

उक्त जुत्तामा 'स्टाफिलोकोकस एपिडर्मिडिस' पनि भेटियो, जुन सामान्यतः मानिसको छालामा हुने ब्याक्टेरिया हो। तर रोग प्रतिरोधी क्षमता कमजोर भएका मानिसमा र त्यसमा पनि विशेष गरी अस्पतालमा उपचार गराइरहेका बिरामीहरूमा यसले गम्भीर सङ्क्रमण निम्त्याउन सक्छ।

अन्य अनुसन्धानहरूले जुत्तामा ई. कोलाई जस्ता मलजन्य ब्याक्टेरिया पनि हुन सक्ने देखाएका छन्।

"संसारका विभिन्न ठाउँमा भिन्नभिन्न ब्याक्टेरिया, ढुसी र परजीवीहरू पनि जुत्तामा भेटिन सक्छन्," इन्स्टिट्यूट अफ बायोमेडिकल साइन्सकी प्रमुख समेत रहेकी डा. पिट भन्छिन्।

## *बाहिरका ब्याक्टेरिया घरभित्र जीवित रहन सक्छन ?*

शोधहरूले जुत्ताले बाहिरका ब्याक्टेरियालाई सजिलै घरभित्र ल्याउन सक्ने देखाएका छन्।

"त्यस्ता ब्याक्टेरियाहरू घरभित्र जीवित रहन सक्छन् र परिवारका अन्य सदस्यसम्मलाई सङ्क्रमित तुल्याउन सक्छन् भन्ने पर्याप्त प्रमाणहरू छन्," पीट भन्छिन्।

विशेष गरी न्यानो किसिमका गलैंचाहरूमा तिनीहरू केही दिन वा अझ धेरै समय टिक्न सक्छन्।

त्यतिमात्रै होइन, त्यसमा कोही हिँडेमा केही ब्याक्टेरिया "पुनः सक्रिय" भएर मानिसलाई पुनः सङ्क्रमित तुल्याउन सक्षम हुन सक्छन्।

उदाहरण दिँदै पिट भन्छिन्, "यदि तपाईं एउटा शिशुसँग गलैंचामा खेल्दै हुनुहुन्छ भने त्यसमा दबाव पर्दा कार्पेटमा रहेका ब्याक्टेरिया फेरि सक्रिय हुन सक्छन्।"

यो जोखिम विशेष गरी शिशु वा वृद्धवृद्धाजस्ता कमजोर प्रतिरक्षा प्रणाली भएका मानिसहरूका लागि बढी हुन्छ।

यद्यपि उनी केही सूक्ष्मजीवसँगको सम्पर्कले प्रतिरक्षा प्रणाली विकास गर्न मद्दत गर्न सक्ने स्वीकार्छिन् तर दैनिक जीवनमै हामी विभिन्न प्रकारका ब्याक्टेरियासँग सम्पर्कमा रहने उनको भनाइ छ।

## *जुत्ता लगाउने कि फुकाल्ने त?*

डा. पीटका अनुसार यसको उत्तर 'पेट्री डिश'मै देखिन्छ।

"घरभित्र जुत्ता लगाउनु अशिष्ट मात्र होइन, यसले वास्तविक स्वास्थ्य जोखिम पनि निम्त्याउन सक्छ," उनी भन्छिन्।

"तपाईं संसारको जुनसुकै ठाउँमा भए पनि घरभित्र पस्नेबित्तिकै जुत्ता फुकाल्नु नै सबैभन्दा उत्तम हुन्छ।"

कुनै कारणले घरभित्र जुत्ता लगाउनै परेमा ढोकामा 'डोरम्याट' प्रयोग गर्ने र घरमा गलैंचा कम राख्ने हो भने ब्याक्टेरियाको मात्रा घटाउन मद्दत पुग्ने उनी बताउँछिन्।

उनका अनुसार, "हप्तामा कम्तीमा एकपटक घर राम्रोसँग सफा गर्नु राम्रो हुन्छ। त्यसबाट ब्याक्टेरिया, धुलो र फोहोर धेरै हदसम्म नियन्त्रणमा हुन्छन्।"

अहिले विवाह गरिसकेका सोफिया र पेड्याले चाहिँ बीचको बाटो रोजेका छन्।

सोफिया भन्छिन्, "मनैबाट त म अझै पनि जुत्ता लगाउन रुचाउँछु। तर म सर्बिया जाँदा त्यहाँ घरभित्रको चप्पल लगाउनै पर्छ भन्ने मलाई थाहा छ।"

अमेरिकास्थित घरमा भने उनी घर भित्रमात्रै लगाउने जुत्ता प्रयोग गर्छिन् जुन बाहिरफेर जाँदा लगाइँदैन।

"मलाई गोडामा जुत्ताको भार महसुस गर्न मन पर्छ, किनकि म त्यसरी नै हुर्किएकी हुँ," उनी भन्छिन्।

अर्कातर्फ, पेड्याले पनि सोफियाका केही बानी अपनाउन थालेका छन्।

"कहिलेकाहीँ हतारमा हुँदा म जुत्ता नफुकाली घरभित्र पस्छु," उनी भन्छन्।

"हामी एकअर्कालाई पूर्ण रूपमा सर्बिअन वा पूर्ण रूपमा अमेरिकी बनाउने प्रयास गरिरहेका छैनौं," सोफिया भन्छिन्, "हामी दुवैको आ-आफ्नै पहिचान छ र ती दुई संस्कृतिलाई मिलाएर सँगसँगै अघि बढ्ने कोसिसमा छौं।"बीबीसी/नेपालीबाट

# जलेको अदालतले अझै पाएन न्याय



दैनिक समाचारदाता

पोखरा २ साउन । एउटा पुरानो र चर्चित कानुनी सिद्धान्त छ– 'ढिलो न्याय दिनु भनेको न्याय नदिनु हो।' अर्थात्, समय बितिसकेपछि प्राप्त हुने न्यायले पीडितलाई अपेक्षित राहत दिन सक्दैन।

गत वर्ष भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा पोखराका न्यायिक संरचनामाथि व्यापक आक्रमण भयो। जिल्ला सरकारी वकिलको कार्यालय, उच्च सरकारी वकिलको कार्यालय, जिल्ला अदालत र उच्च अदालतमा आगजनी तथा तोडफोड गरियो। कानुन र न्यायसँग सम्बन्धित संरचनाहरूमा भएको यो आक्रमणले न्याय प्रणालीलाई नै गम्भीर क्षति पुऱ्यायो।

आगो लगाइनुको ठोस कारण सार्वजनिक नभए पनि धेरैले यसलाई रवि लामिछानेसँग सम्बन्धित मुद्दाको प्रभावसँग जोडेर हेर्ने गरेका छन्। अन्य कारणहरू पनि हुन सक्ने भए पनि घटना भएको झन्डै एक वर्ष बितिसक्दा पनि अदालतका भवनहरू पुनःनिर्माण हुन सकेका छैनन्।

हाल जिल्ला अदालतको काम न्यायाधीश र कर्मचारीका सरकारी आवास (क्वार्टर)बाट सञ्चालन भइरहेको छ। मुख्य भवन पूर्ण रूपमा जलेको थियो। नजिकै रहेको उच्च अदालतको अवस्था पनि उस्तै छ।

सबैलाई न्याय दिने न्यायपालिका स्वयं भने एक वर्षदेखि न्यायको प्रतीक्षामा छ। आगलागीलगत्तै उच्च अदालतले घटनास्थलको मुचुल्का तयार गरी भिडियो तथा फोटोसहितका प्रमाण प्रहरीलाई बुझाएको थियो। तर, झन्डै एक वर्ष बितिसक्दा पनि कास्की जिल्ला प्रहरी कार्यालयले घटनाको अनुसन्धान टुङ्ग्याएको छैन, न त अभियोजन प्रक्रिया नै अघि बढाएको छ।

उच्च अदालतका उपरजिस्ट्रार निल पनेरुले अदालतले आफ्नो दायित्व पूरा गरिसकेको बताउँदै अब मुद्दा दर्ता गर्ने जिम्मेवारी नेपाल सरकारको रहेको उल्लेख गरे। उनका अनुसार अदालतले आवश्यक प्रमाण बुझाइसके पनि अनुसन्धान गर्ने निकायबाट हालसम्म कुनै मुद्दा दायर भएको छैन।

आन्दोलनका क्रममा विशेषगरी मुद्दाका मिसिल राखिएका फाँटहरूमा आगो लगाइएकाले ठूलो क्षति पुगेको थियो। करिब चार सय मुद्दाका मिसिल जलेर नष्ट भएका थिए। तीमध्ये धेरैजसो मिसिल कानुन व्यवसायी, प्रहरी तथा सरोकारवालासँग रहेका प्रतिलिपिबाट पुनः संकलन गरिएको अदालतले जनाएको छ।

कास्की जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी वीरेन्द्रकुमार पासवानले आवश्यक विवरण बुझेर मात्रै प्रतिक्रिया दिन सकिने बताए। उनका अनुसार मुचुल्काको आधारमा मात्र मुद्दा चल्ने नभई जाहेरी तथा अनुसन्धानका आधारमा अभियोजन प्रक्रिया अघि बढाइन्छ।

मुख्य न्यायाधीश डा. रत्नबहादुर बागचन्दले अदालत आफैँ पीडित बने पनि न्याय सम्पादनको काम नरोकिएको बताए। "अदालत आफैँ जल्यो, अहिले आफैँ न्याय खोज्नुपर्ने अवस्थामा छ। तर, त्यसका बाबजुद पनि नागरिकलाई न्याय दिन निरन्तर लागिरहेका छौँ," उनले भने।

उच्च अदालतका रजिस्ट्रार रामु शर्माका अनुसार आगलागीबाट उच्च अदालतको भवनमा मात्रै करिब पाँच करोड रुपैयाँ बराबरको क्षति भएको छ। पुनर्निर्माणका लागि सर्वोच्च अदालतमा प्रतिवेदन पठाइसकिएको र हालसम्म ५५ लाख रुपैयाँ प्राप्त भएकाले केही काम सम्पन्न भइसकेको उनले जानकारी दिए। बाँकी काम बजेट प्राप्त भएपछि अघि बढाइनेछ। अहिले पनि १२ कोठे एउटा भवन प्रयोग गर्न नमिल्ने अवस्थामा छ। सात जना न्यायाधीश कार्यरत रहे पनि चारवटा मात्रै इजलास सञ्चालनमा छन्।

यद्यपि अनुसन्धानमा ढिलाइ भए पनि त्यसविरुद्ध कानुनी प्रक्रिया अघि बढाउन सकिने व्यवस्था छ। तर, अदालतमाथि भएको आक्रमणको विषयमा कसैले पनि छुट्टै मुद्दा दर्ता गरेको छैन। पछिल्लो समय जेनजी आन्दोलनका घटनामा नरम नीति अपनाउन गृह मन्त्रालयबाट निर्देशन आएपछि तोडफोड र आगजनीमा संलग्नमाथि प्रहरी सक्रिय देखिएको छैन।

आगलागीका कारण अदालतको भौतिक संरचनामात्र होइन, न्याय सम्पादनमा पनि असर परेको छ। आर्थिक वर्ष २०८२/८३ मा पुराना र नयाँ गरी दुई हजार ६९ वटा मुद्दा रहेकामा एक हजार ५७० वटा फछ्र्योट भएका छन् भने ४९९ मुद्दा चालु आर्थिक वर्षमा सरेका छन्।

अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा तीन हजार ४२० मुद्दामध्ये दुई हजार ६७० अर्थात् ७८ प्रतिशत मुद्दा फछ्र्योट भएका थिए। यद्यपि सकारात्मक पक्ष के भने, १८ महिनाभन्दा पुराना सबै मुद्दा यस वर्ष टुङ्गिएका छन्। अहिले अदालतमा सम्बन्धविच्छेद तथा घरायसी विवादसम्बन्धी मुद्दाहरूको चाप बढी रहेको अदालतले जनाएको छ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# यौनिक तथा लैङ्गिक अल्पसंख्यकसम्बन्धी पत्रकारिता निर्देशिका सार्वजनिक

दैनिक समाचारदाता
जनकपुरधाम, २ साउन । जनकपुरधाममा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायसम्बन्धी समाचारलाई मर्यादित, समावेशी र मानवअधिकारमैत्री ढङ्गले सम्प्रेषण गर्न पत्रकार तथा सञ्चारमाध्यमलाई आग्रह गरिएको छ ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको महासंघ, नेपालद्वारा शनिबार जनकपुरधाममा आयोजित सञ्चारकर्मीसँगको अन्तरक्रिया कार्यक्रममा यस्तो आग्रह गरिएको हो । कार्यक्रममा लैङ्गिक तथा यौनिक अल्पसंख्यकसम्बन्धी नैतिक, समावेशी र मानवअधिकारमा आधारित पत्रकारिताबारे छलफल गरिएको थियो ।




कार्यक्रममा महासंघकी सिमरण सेरचनले 'यौनिक तथा लैङ्गिक अल्पसंख्यकसम्बन्धी नैतिक, समावेशी र मानवअधिकारमा आधारित पत्रकारिता निर्देशिका' सार्वजनिक गर्नुभयो ।

निर्देशिकामा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायसम्बन्धी समाचार तयार गर्दा सत्य, निष्पक्ष, सम्मानजनक तथा अधिकारमुखी दृष्टिकोण अपनाउनुपर्ने उल्लेख गरिएको छ। साथै व्यक्तिको गोपनीयता, सुरक्षा र सहमतिलाई प्राथमिकता दिन तथा सनसनीपूर्ण प्रस्तुति र विभेदपूर्ण भाषा प्रयोग नगर्न सञ्चारमाध्यमलाई आग्रह गरिएको छ ।

कार्यपत्र प्रस्तुत गर्दै सेरचनले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय अझै पनि सामाजिक बहिष्कार, विभेद, हिंसा र गलत सूचनाको सिकार भइरहेको बताउनुभयो। उहाँले यस्ता समस्या न्यूनीकरण गर्न सञ्चारमाध्यमको भूमिका प्रभावकारी हुने भएकाले पत्रकारितालाई थप जिम्मेवार र संवेदनशील बनाउन निर्देशिका तयार गरिएको स्पष्ट पार्नुभयो ।

निर्देशिकामा नेपालको संविधानले सुनिश्चित गरेको समानताको अधिकार, विभेदविरुद्धको अधिकार, सम्मानपूर्वक बाँच्न पाउने अधिकार र सामाजिक न्यायका प्रावधानसँगै अन्तर्राष्ट्रिय मानवअधिकारका सिद्धान्तसमेत समेटिएका छन्। साथै यौनिक तथा लैङ्गिक विविधतालाई कुनै रोग वा विकृतिका रूपमा चित्रण गर्न नहुने स्पष्ट उल्लेख गरिएको छ ।

पत्रकार आचारसंहिताअनुसार समाचार लेख्दा व्यक्तिको सहमति, गोपनीयता, सम्मानजनक भाषा र सार्वजनिक हितबीच सन्तुलन कायम गर्नुपर्नेमा पनि जोड दिइएको छ ।


निर्देशिकाले समाचार सम्प्रेषणका क्रममा व्यक्तिले आफूलाई जसरी चिनाउन चाहेको छ, त्यसैअनुसार सम्बोधन गर्न, पहिचानभन्दा अधिकार र मुद्दालाई प्राथमिकता दिन तथा स्पष्ट सहमति लिएर मात्र व्यक्तिगत विवरण वा अनुभव सार्वजनिक गर्न सुझाव दिएको छ ।

त्यसैगरी, सहमतिबिना कसैको यौनिक वा लैङ्गिक पहिचान सार्वजनिक नगर्न, सनसनीपूर्ण शीर्षक प्रयोग नगर्न, अपमानजनक वा विभेदपूर्ण भाषा प्रयोग नगर्न तथा यौनिक वा लैङ्गिक पहिचानलाई अपराध, अनैतिकता वा सामाजिक समस्याका रूपमा प्रस्तुत नगर्न सञ्चारमाध्यमलाई आग्रह गरिएको छ । महासङ्घले जिम्मेवार, संवेदनशील र समावेशी पत्रकारितामार्फत समाजमा सम्मान, समानता र मानवअधिकारको प्रवर्द्धन गर्न सबै सञ्चारकर्मीलाई उक्त निर्देशिका प्रभावकारी रूपमा कार्यान्वयन गर्न आग्रह गरेको छ ।

## जसपा.......

स्रोतका अनुसार, एकीकृत पार्टीका लागि २५१ सदस्यीय केन्द्रीय समिति प्रस्ताव गरिएको छ, जसमा १९ जना पदाधिकारी रहनेछन्। दुवै पक्षबीच ६०-४० अनुपातमा समायोजन गर्ने आन्तरिक सहमति भएको छ। यसअनुसार ६० प्रतिशत प्रतिनिधित्व जसपाले र ४० प्रतिशत लोसपाले पाउनेछन्। यो अनुपात लागू हुँदा लोसपाका धेरै नेता नयाँ केन्द्रीय समितिमा समेटिन नसक्ने अवस्था देखिएको छ। २५१ सदस्यीय समितिमा लोसपाबाट करिब १०० जना मात्र अट्ने अनुमान गरिएको छ।
सबैभन्दा ठूलो चुनौती पदाधिकारी व्यवस्थापनमा देखिएको छ। लोसपामा ६५ जना पदाधिकारी रहेकाले उनीहरूलाई नयाँ संरचनामा कसरी समायोजन गर्ने भन्ने विषय संरक्षक महन्थ ठाकुरका लागि मुख्य चिन्ताको विषय बनेको छ। त्यसैका लागि उनले पुरानो लोसपाको बैठकमार्फत साझा धारणा बनाउन खोजिरहेका छन्।
उता, साबिक जसपामा १८ जना मात्र पदाधिकारी रहेकाले अध्यक्ष उपेन्द्र यादवलाई पदाधिकारी व्यवस्थापनमा तुलनात्मक रूपमा सहज हुने देखिएको छ।

# साउन ११ मा नागढुङ्गा सुरुङमार्ग उद्घाटन




दैनिक समाचारदाता
काठमाडौं, २ साउन । बहुप्रतीक्षित नागढुङ्गा सुरुङमार्ग साउन ११ गते उद्घाटन हुने भएको छ। निर्माण सम्पन्न भएपछि अहिले उद्घाटन र सञ्चालनको अन्तिम तयारी भइरहेको छ।

पूर्वाधार विकास मन्त्रालयका सहसचिव सुशीलबाबु ढकालका अनुसार उद्घाटनको तयारी अन्तिम चरणमा पुगेको छ। उद्घाटन कसरी र कसबाट गर्ने भन्ने विषयमा मन्त्रालयले छलफल गरिरहेको छ।

आयोजनाका उपनिर्देशक सञ्जय पन्थीले उद्घाटनपछि सुरुङमार्ग तीन महिनासम्म परीक्षणकाल (ट्रायल) मा सञ्चालन हुने जानकारी दिनुभयो। यस अवधिमा सुरुमा एम्बुलेन्स, दमकल र सुरक्षा निकायका सवारीसाधनलाई मात्र सञ्चालन गर्न दिइनेछ। परीक्षण सफल भएपछि चौथो महिनादेखि सबै सवारीसाधनका लागि सुरुङमार्ग खुला गरिनेछ।

निर्माणको जिम्मा लिएको जापानी कम्पनीले सुरुङमार्ग आयोजनालाई हस्तान्तरण गरिसकेको छ। आयोजना सम्पन्न गर्न करिब २५ अर्ब रुपैयाँ खर्च भएको छ। यसमध्ये १९ अर्ब रुपैयाँ जापान सरकारको सहुलियतपूर्ण ऋण र जग्गा मुआब्जाको रकम नेपाल सरकारले व्यहोरेको हो।

मुख्य सुरुङमार्ग २.६८८ किलोमिटर लामो छ भने आपतकालीन उद्धारका लागि २.५५ किलोमिटर लामो छुट्टै सुरुङ निर्माण गरिएको छ। मन्त्रिपरिषद्ले सवारीसाधनको प्रकारअनुसार ६० रुपैयाँदेखि ६०० रुपैयाँसम्म शुल्क लिने निर्णय यसअघि नै गरिसकेको छ।

# १९ किलो गाँजासहित अटो चालक पक्राउ

दैनिक समाचारदाता
जनकपुरधाम, २ साउन । धनुषा प्रहरीले १९ किलो १९ ग्राम गाँजासहित एक जनालाई अटोसहित पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार विशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले जिल्लाको एक स्थानबाट चार पोकामा प्याक गरिएको १९ किलो १९ ग्राम गाँजा बरामद गरेको हो। गाँजा ओसारपसारमा प्रयोग गरिएको अटोसमेत प्रहरीले नियन्त्रणमा लिएको छ।

प्रहरीले अटो चालकलाई गाँजासहित पक्राउ गरी लागूऔषधसम्बन्धी कसुरमा थप अनुसन्धान अघि बढाएको जनाएको छ।

पक्राउ परेका व्यक्तिको परिचय तथा घटनाबारे विस्तृत विवरण अनुसन्धान पूरा भएपछि सार्वजनिक गरिने प्रहरीको भनाइ छ।

धनुषा प्रहरीले लागूऔषधको अवैध ओसारपसार तथा कारोबार नियन्त्रणलाई प्राथमिकतामा राख्दै यस्ता गतिविधिविरुद्ध निगरानी र कारबाहीलाई निरन्तर तीव्र बनाइएको जनाएको छ।

# हरवाचरवाको पुनःस्थापना गर्न सरकारसँग माग

दैनिक समाचारदाता
जनकपुरधाम, २ साउन । हरवाचरवा मुक्तिको घोषणा भएको चार वर्ष पूरा भएको अवसरमा राष्ट्रिय हरवाचरवा अधिकार मञ्चले जनकपुरधाममा पत्रकार सम्मेलन गर्दै हरवाचरवा समुदायको पूर्ण पुनःस्थापना गर्न सरकारसँग माग गरेको छ ।

मञ्चले कानुनी रूपमा मुक्तिको घोषणा भए पनि हरवाचरवा समुदाय अझै भूमि, आवास, नागरिकता, सामाजिक सुरक्षा, सम्मानजनक रोजगारी र सरकारी सेवाको पहुँचबाट वञ्चित रहेको जनाएको छ । भूमि र बसोबासको प्रमाण नहुँदा धेरै हरवाचरवाले नागरिकता तथा राज्यका सेवासुविधा पाउन नसकेको मञ्चको भनाइ छ।

मञ्चले हरवाचरवाको लगत संकलन र परिचयपत्र वितरण निर्देशिका तत्काल लागू गर्न, मधेशका आठै जिल्लामा लगत संकलन सुरु गर्न, जीविकोपार्जन तथा आवास कार्यक्रम सञ्चालन गर्न र भूमिहीन हरवाचरवालाई जग्गा उपलब्ध गराई पुनःस्थापना गर्न सरकारसँग चारबुँदे माग राखेको छ।

कार्यक्रममा वक्ताहरूले हरवाचरवा समुदायलाई शिक्षा, स्वास्थ्य, भूमि अधिकार, रोजगारी र सामाजिक न्यायको सुनिश्चितता भएपछि मात्र वास्तविक मुक्ति हुने बताए । उनीहरूले सरकारले गरेका प्रतिबद्धता समयमै कार्यान्वयन गर्न र सरकार, नागरिक समाज, विकास साझेदार तथा सञ्चार माध्यमबीच सहकार्य आवश्यक रहेकोमा जोड दिए ।


## स्वच्छ शहर: स्वस्थ शहर


- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौँ,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौँ,
- तोकिएको स्थानमा मात्र फोहोर फालौँ,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौँ,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौँ,
- ध्वनि र वायु प्रदुषण कम गरौँ,
- सडकको समय-समयमा मर्मतसम्भार गरौँ,
- सडकमा निर्माण सामग्री नराखौँ।

*शहरलाई सफा राखौँ: सुन्दर बनाऔँ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**



अब उत्कृष्ट भविष्यको रोजाई



# MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४